आसमान नेपाल

हामी के गर्दैछौं ?

आसमान नेपाल

Ö शिक्षा
X बालश्रम

आसमान नेपालको सूचनामूलक फोल्डर

आसमान नेपाल

संस्थागत परिचय

आसमान नेपाल एउटा सामाजिक संस्था हो । मध्य र पुर्वी तराईका ३ वटा जिल्लाहरुमा यसले शिक्षा, बालअधिकार ,बालश्रम र स्वास्थ्यका क्षेत्रमा कामहरु गर्दै आएको छ । बालअधिकारमा आधारित रहेर स्थानीय स्तरमा विभिन्न योजनाहरु बनाउने र त्यसलाई समुदाय तहमा रहेका संस्था र सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन गर्ने यसको परिपाटी सामाजिक अधिकार र विकासको क्षेत्रमा एउटा बेग्लै अनुभव बन्न पुगेको छ ।

हालका दिनहरुमा आसमानले धनुषा र महोत्तरीमा काम गरे पनि शैक्षिक क्षेत्रको सुधारका लागि सिंगो पुर्वी तराईका जिल्लाहरुलाई केन्द्रविन्दुमा राखेर काम गर्दै आएको छ । शिक्षा र स्वास्थ्यको क्षेत्रमा निकै कमजोर सूचकहरु रहेका यी जिल्लाहरुमा आसमानले गर्दै आएका काम सामाजिक परिवर्तनका लागि सहयोगी बनिरहेका छन् । गरिब र विपन्न समुदायमा शिक्षा, स्वास्थ्य र अधिकारमुखी कामहरुबाट सामाजिक परिवर्तनको बाटो तय गर्न सकिन्छ भन्ने ध्येयमा यसका काम लक्षित छन् । समुदायको आवश्यकता र मागका आधारमा मात्र नभएर उनीहरुको प्रत्यक्ष सहभागितामा यी कार्यक्रमहरु कार्यान्वयन भइरहेका छन् ।

हामी चाहन्छौं

शिक्षित,स्वस्थ र हँसिला बालबालिका

हामीलाई लाग्छ, यो दुरदृष्टि पुरा गर्न हामीले गर्नुपर्ने कामहरु धेरै छन् । यो काम एक्लै गर्न सकिन्न । त्यसैले समुदायमा रहेका सरोकारवालाहरुको पहिचान गरेर हामी हातेमालो गरिरहेका छौं । हाम्रो अनुभवले के देखाएको छ भने सामाजिक रुपान्तरणको यो काममा समुदायको सहभागिता अपरिहार्य छ । उनीहरुको सहभागितामा हामीले शिक्षा र बालअधिकारका कार्यक्रमहरु अगाडि बढाउँदै लग्यौं भने हामी हाम्रो उद्देश्य पुरा गर्न सक्छौं ।

हाम्रो उद्धेश्य

- बालश्रम उन्मुलन तथा विश्वव्यापी शिक्षाको लागि सामाजिक मान्यता कायम गर्ने
- जिल्ला तथा क्षेत्रीय तहमा सहजीकरण गर्ने
- बालविवाहको दर घटाउन र निर्मुल गर्न चेतना अभिवृद्धि गराउने
- बालबालिकाको समष्टिगत स्वास्थ्य तथा समग्र बालविकासका लागि परिणाममुखी काम गर्ने

हाम्रो विश्वास छ

आसमान नेपालले बालश्रम उन्मुलन तथा सर्वव्यापी शिक्षाको लागि निम्न सिद्धान्तहरुलाई आत्मसात गरेको छ । त्यसैले, हामी ठान्छौं -

१. बालबालिकाहरु अनिवार्य रुपमा औपचारिक स्कूलमा जानुपर्छ ।

२. स्कूल बाहिर रहेका कुनै पनि बालबालिकाहरु बालश्रमिक हुन् ।

३. बालबालिकाको लागि सबै प्रकारको काम जोखिमपूर्ण छ । यसले उनीहरुको सर्वाङ्गिन विकासमा बाधा पुऱ्याउछ ।

४. सबै बालबालिकाहरु बालश्रमको बन्धनबाट मुक्त हुनैपर्छ ।

५. बालश्रमलाई बढावा दिने कुनै पनि तर्कलाई हामी स्वीकार गर्दैनौं ।

हाम्रो मूल्य मान्यता

समुदायको क्षमता र सहभागिताप्रति विश्वास

आसमान सिमान्त तथा आर्थिक रुपबाट विपन्न समुदायको क्षमतामा विश्वास गर्दछ । उपर्युक्त अवसर दिन सकेको खण्डमा र सहभागी बनाउने सकेमा उनीहरु पनि समाज परिवर्तनको संवाहक बन्न सक्छन भन्ने कुरामा यो संस्था विश्वास गर्दछ । यो संस्था समुदायबाट सिक्ने र सिकिरहने प्रयासमा छ । उनीहरुसँग रहेका क्षमतालाई सहजीकरण र व्यवस्थापन गर्ने कुरामा संस्थाको सहयोग महत्वपूर्ण बनिरहेको छ भन्ने आसमानको ठम्याइ छ ।

स्थानीय संस्कृति तथा समुदायको सम्मान

आसमान स्थानीय समुदायमा रहेको संस्कृतिको सम्मान गर्दछ । समुदायको रहनसहन, रितिरिवाज र परम्परालाई सम्मान नगरी उनीहरुको विश्वास जित्न र सहकार्य गर्न सकिंदैन भन्ने हाम्रो मान्यता छ । त्यसैले स्थानीय संस्कतिको सम्मान गर्दे उनीहरुलाई समाज परिवर्तनको बाटोमा अग्रसर गराउन हामी उनीहरुकै सहभागिता खोज्दछौं । हाम्रा कार्यकर्ताहरु साधारण जीवनस्तर, रहनसहनमा विश्वास गर्दछन् । समुदायमा रहेका सरोकारवालाहरुको सहभागितालाई हामी उच्च सम्मान गर्दछौं ।

कुनै पनि भेदभाव हाम्रा लागि सह्य छैन्

विकास क्रियाकलापमा कुनै पनि प्रकारको भेदभावको विपक्षमा हामी छौं । कुनै जातजाति, राजनीतिक विचारधारा, लङ्गिक भेद हाम्रा लागि मान्य छैनन् । यस्ता प्रकारका भेदभावलाई उन्मुलन गर्न सर्वसम्मत वातावरण सृजना गर्न हाम्रो सामाजिक पहल हुनेछ । हाम्रा सबै कार्यक्रमहरु यसमा चुप रहने छैनन् । आसमान कुनै पनि प्रकारका भेदभावहरु कार्यालयभित्र र बाहिर सहन गर्दैन ।

हमहुँ स्कुल पढ जाएव्

परिचयः

बालबालिकाहरुलाई जसरी पनि स्कुलको ढोकामा पुऱ्याउनु पर्छ भन्ने मान्यतामा आसमान नेपालले सुरुवातदेखि नै काम गरेको हो । धनुषा र महोत्तरीका हजारौं बालवबालिकाहरुलाई औपचारिक शिक्षाको पहुँचमा पुऱ्याएको अनुभव यससँग छ । हमहुँ स्कुल पढ जायव बालबालिकाहरुलाई स्कुलको पहुँच बढाउने, विद्यालय भर्ना भएका बालबालिकाहरुको नियमिततामा वृद्धि गराउने र उनीहरुलाई हिंसाको सम्भावनाबाट बचाउने उद्देश्यले सुरु गरिएको शैक्षिक कार्यक्रम हो । सेभ द चिल्ड्रेन जापानको सहयोगमा अप्रिलदेखि डिसेम्बर २००८ मा संचालित यस कार्यक्रमबाट आसमानले सकरात्मक अनुभवहरु हासिल गरेको छ । यो कार्यक्रम धनुषा र महोत्तरीका २९ गा.वि.स.मा रहेका विद्यालयहरुलाई लक्षित गरी संचालन गरेको थियो ।

सकारात्मक अनुभव

हमहुँ स्कुल पढ जायव कार्यक्रमले शिक्षामा सरोकारवालाहरुको व्यापक सहभागिता बढाएको छ । यो शैक्षिक अभियानमा आसमानको सहयोगी संरचनामा रहेका सदस्यहरु परिचालित छन् । यस अभियानमा तीन हजार भन्दा बढी स्वयंसेवकहरु सहभागी छन् । १९ वटा गा.वि.स. हरुमा कार्यक्रम संचालन गर्दा करीब १० हजार बालबालिकाहरुको विद्यालयमा भर्ना सम्भव भएको छ । कार्यक्रम संचालन भएका सबै गा.वि.स.हरुमा विद्यालयबाट छुटेका बालबालिकाहरुको तथ्यांक अद्यावधिक गर्ने कार्य भइरहेको छ भने यससँगै शैक्षिक अभियानका क्रियाकलाप संचालन भइरहेका छन् ।

समुदायमा विद्यालय भएपनि धेरै बालबालिकाहरु स्कुल भर्ना थिएनन् । यस कार्यक्रमको सहयोगमा समुदाय तहमा भर्ना अभियान संचालन गरिंदा थुप्रै प्रश्नहरुको समाधान खोजिएको थियो । यसका लागि पहिले यसले आफ्ना कर्मचारी र सहयोगी संरचनाका सदस्यहरुलाई सवालमा स्पष्ट पार्ने कार्य गऱ्यो । यो अभियान के हो ? यो किन चहियो र कसरी संचालन गर्ने भन्नेबारे यसले व्यापक अन्तर्क्रिया र छलफलहरु गऱ्यो । सारांश के थियो भने बालबालिकाहरुलाई विद्यालय भर्ना नगराइकन शैक्षिक उपलब्धीहरु हासिल गर्न सकिन्न भन्ने कुरामा सबै सहमत भए । शिक्षाको पहिलो खुड्किलो नै विद्यालय भर्ना हो । तर अभियानले विद्यालय पुऱ्याउने कुरालाई मात्र महत्व दिएन, उनीहरुलाई निरन्तर विद्यालय ल्याउन घरपरिवार र समुदायलाई तयार गराउने कार्य पनि यसले गऱ्यो ।

हालससम्मका उपलब्धीहरु

- धनुषा र महोत्तरी दुवै जिल्लाका कार्यक्षेत्रमा पर्ने विद्यालयहरुलाई लक्ष्य गरेर यसले विद्यालय भर्ना अभियान संचालन गऱ्यो । भर्ना अभियानमा स्थानीय गाउ विकास समिति, संघ संस्थाहरु, सहयोगी संरचनाहरु सहभागी भएका थिए ।
- विद्यालय भर्ना अभियानका लागि व्रीज कोर्ष र वालअधिकार संरक्षणका पहलहरुले महत्वपूर्ण भूमिका खेल्यो ।
- बालअधिकार संरक्षक आसमानको संरचनामा अर्ध स्वयंसेवक हुन् । उनीहरुले सकेसम्म सबै बालबालिकाहरुलाई स्कूल लग्ने प्रयास गरेका छन् ।
- विद्यालयहरुमा यस कार्यक्रमबाट केही स्वयंसेवक शिक्षक पनि राखिएको छ, जो स्कुलमा शिक्षकको खाँचो पुरा गर्न पनि सहयोगी बनेको छ ।

चुनौतीहरुः

बालबालिका भर्ना अभियानपछि केही चुनौतीहरु देखिएका थिए । समुदायमा रहेका विद्यालयहरुमा एकैपटक भर्ना अभियान संचालन भएपछि विद्यालयहरुमा भवन र शिक्षकको समस्या नै टडकारो रुपमा देखिएको थियो । यही समस्यालाई देखाएर विद्यालयहरुले भर्नामा आनाकानी गरेको अवस्था थियो । तर पनि समुदाय, विद्यालय र अभियानकर्ताहरुको पहलमा भर्ना अभियान कार्य सम्पन्न भयो ।

हाम्रा सिकाइहरु

सबै विद्यालयहरुमा बालबालिका पुग्दा कक्षाकोठा, शिक्षक र बसाइमा समस्या भने देखियो । यस हिसावले समुदायका सबै बच्चाहरुलाई विद्यालय पुऱ्याउन तयार हुँदा राज्य पनि विद्यालयहरुमा दिइनु पर्ने सुविधाका लागि तयार हुनुपर्ने देखिन्छ । विद्यालयमा व्याप्त समस्याले गर्दा स्वस्फूर्त रुपमा भर्ना गर्न नमानेको अवस्था पनि देखियो । पाठ्यपुस्तकको अभाव र धेरै विद्यार्थी हुँदा प्रभावकारी शिक्षण हुन नसकेको अवस्था पनि थियो । कतिपय विद्यालयहरुमा खाँदेर राख्दा विद्यार्थीहरु मुर्छा पर्ने र बेहोस हुने अवस्था पनि देखिएको थियो । विद्यालयको बसाइ, पढाइ र शिक्षकको कमीको कारणले अभिभवक र बालबालिका दुवैलाई स्कुलको वातावरणले तान्न सकेको भने थिएन ।

- विद्यालय भर्ना अभियान विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउने अभियान भएपनि यसमा स्थानीय सरोकारवालाहरुको सहभागिता बढाउनु पर्छ । यो सहभागिताले नै भर्ना अभियानलाई प्रभावकारी बनाउन सक्छ ।
- विद्यालय भर्नापछि देखिने कक्षाकोठाको अभाव, पाठ्यपुस्तकको व्यवस्था, शिक्षकको आपुर्ति, विद्यालयको वातावरण जस्ता कुराहरुमा चनाखो नभई बालबालिकाहरुको विद्यालयको पहुँच निरन्तर हुन सक्दैन् । यो निरन्तरताको लागि थप पहल जरुरी छ ।
- भर्ना भएका बालबालिकाहरुलाई उपर्युक्त शैक्षिक वातावरण दिन स्कुल, अभिभवक तयार हुनुपर्ने देखिन्छ ।
- विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावकहरु, संघ संस्था, अभिभावक, स्थानीय समूहहरुको परिचालनबाट यी कुराहरु सम्भव छन् ।

भविष्यका लागि पहलहरु

शिक्षामा सकारात्मक उपलब्धी हासिल गर्न भर्ना अभियान मात्र पर्याप्त हुँदैन् । भर्ना अभियान सरकारको पनि वर्षौंदेखिको कार्यक्रम हो । तर समुदायका सबै बालबच्चाहरु विद्यालय नआएको र आएकाहरुलाई टिकाउने वातावरण नभएको अवस्था छ । शैक्षिक उपलब्धी हासिल गर्न विद्यालयको वातावरण, कक्षाकोठा, पाठ्यपुस्तक, शिक्षकको अवस्था जस्ता आधारभूत व्यवस्थाका लागि सरकार तयार हुनुपर्ने देखिन्छ ।

ज्ञानक इजोरिया

परिचय :

ज्ञानक इजोरिया अर्थात ज्ञानको ज्योती आसमान नेपालले संचालन गरेको शैक्षिक सहयोग कार्यक्रम हो । मैथली भाषामा ज्ञानक इजोरियाको अर्थ ज्ञानको ज्योती वा संसार भन्ने हो । यस कार्यक्रमले शैक्षिक सहयोग अर्न्तगत विद्यालय निर्माण जस्ता भौतिक पूर्वाधारहरुको निर्माणमा काम गरिरहेको छ । धनुषा र महोत्तरीमा तीन-तीन वटा गाउँ विकास समितिमा संचालन भएको यो कार्यक्रम विद्यालयमा भौतिक संरचनाहरुको खाँचो पुरा गर्न सुरु गरिएको कार्यक्रम हो । सेप्टेम्बर २००८ देखि २०११ सम्म संचालन हुने यो कार्यक्रमले विद्यालयहरुको संरचनात्मक विकासमा टेवा दिनेछ ।

संचालित कार्यक्रम

हाल यो कार्यक्रम धनुषा जिल्लाका ३ गा.वि.स.हरुमा संचालित छ । धनुषामा खजुरी चुन्हाको श्री मा.वि. खजुरी चन्दा, प्र.को. महुवाको श्री प्रा.वि. मोइल, पतनुकाको श्री वनरजुला निम्न माध्यमिक विद्यालयमा यो कार्यक्रम संचालित छ । त्यसैगरी महोत्तरी जिल्लाको अमरपुर प्राथमिक विद्यालय बलवा, श्री राष्ट्रिय प्रा.वि. टिकुलिया सीतापुर मँगहा, सवारी दलित प्राथमिक विद्यालय हरिहरपुर गरी ६ वटा विद्यालयको क्षेत्रभित्र यो कार्यक्रम संचालित छ ।

उपलब्धीहरु :

विद्यालय ज्ञानको घर हो । यो घर निर्माणमा समुदायको जिम्मेवारी छ भन्ने कुरालाई आसमानले बुझेको छ । ज्ञानक इजोरिया शैक्षिक संरचना विकासको समुदायमुखी अवधारणागत कार्यक्रम हो, जसले विद्यालयहरुको शैक्षिक विकासको अलावा समुदायको सहभागितामा विभिन्न कार्यक्रमहरु संचालन गर्ने गर्दछ । चाइल्ड फण्ड जापानको आर्थिक सहयोगमा संचालित यो कार्यक्रमले शिक्षामा सहभागिता बढाउन विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

उद्देश्य

ज्ञानक इजोरिया संरचनात्मक विकास सहयोग कार्यक्रम भए पनि यसले शिक्षामा सामुदायिक सहभागितालाई जोड दिएको छ । यस कार्यक्रमका उद्देश्यहरु यसप्रकार छन् :

- **विद्यालयहरुमा सुशासनको अवस्था सिर्जना गर्ने**
- **भौतिक पूर्वाधारहरुको विकास गर्ने**
- **गुणस्तरीय शिक्षाको विकास गर्ने**
- **विद्यालय क्षेत्र वरपर सबै बालबालिकालाई स्कुलको पहुचमा पुऱ्याउने**

उपलब्धीहरु

यस कार्यक्रमले शिक्षामा स्थानीय सहभागिता बढाउने विभिन्न क्रियाकलाप र भौतिक पूर्वाधार विकासको कामलाई सागसागै लगेको छ । यसले गर्दा सामाजिक परिचालन र पूर्वाधार विकासमा कामहरु सँगसँगै भएका छन् ।

कार्यक्रम संचालन भएका विद्यालयको क्षेत्रभित्र सबै बालबालिकालाई स्कुलको पहुँचमा ल्याउने कार्य भएको छ । यसले गर्दा टोल तथा बस्तीहरुमा शैक्षिक अवसरका ढोका खुलेका छन् ।

विद्यालयहरुको भौतिक पूर्वाधारमा सामाजिक परिचालनले गर्दा खर्चहरुमा पारदर्शी काम हुने गरेको छ । समितिमा निर्णय र कामहरु पारदर्शी बन्दै गएका छन् । सामाजिक लेखा परिक्षण, सार्वजानिक सुनुवाइहरुले गर्दा विद्यालयहरुमा शुसासनको वातावरण सिर्जना भएको छ ।

क्रियाकलापहरु :

यस कार्यक्रम अन्तर्गत स्कुल बाहिर रहेका बालबालिकाहरुलाई स्कुलसम्म ल्याउन ब्रिज कोर्ष संचालन हुन्छ । जसले उपर्युक्त कक्षामा भर्नाका लागि सहयोग गर्दछ । आसमानले ब्रिज कोर्ष बालबालिकाहरुलाई स्कुल पुऱ्याउने पुलको रुपमा लिएको छ ।

बाल विकास कक्षाका कार्यक्रमहरु पनि यसले संचालन गर्दछ । कम उमेरका बालबच्चाहरुलाई स्कूलप्रति आकर्षित गर्न र बालमैत्री वातावरण तयार गर्न यी कक्षाहरु प्रभावकारी बन्दै आएका छन् । शिशु कक्षा अर्थात वाल विकास केन्द्रलाई विद्यालयको पूर्व तयारीको रुपमा पनि विद्यालयहरुले अघि बढाएका छन् । यी कक्षाहरुको उपर्युक्त व्यवस्थापनले कक्षा १ र २ मा देखिने शैक्षिक असफलता, कक्षा दोहोऱ्याउने विद्यालय छाडने दरलाई घटाउने अपेक्षा आसमानले राखेको छ ।

स्वयंसेवक शिक्षक आसमानले यस कार्यक्रमका लागि अपनाएको अर्को रणनिति हो । कतैकतै आसमानको संरचनामा स्वयंसेवकहरु शैक्षिक अभियान संचालन गर्ने सामाजिक कार्यकर्ताको हैंसियतमा काम गर्दछन् । यिनै कार्यकर्ताहरु शिक्षकहरु कम भएको ठाउँमा सघाउन स्वयंसेवक शिक्षकको रुपमा काम गर्छन् । स्वयंसेवक शिक्षकहरुले आसमानको शैक्षिक सवाल र सन्देश विद्यालय र समुदायमा पुऱ्याउने कार्यकर्ताको रुपमा परिचित छन् । उनीहरु अर्ध तलवी कार्यकर्ता हुन् । यसले एकातिर युवा रोजगारीको अवस्था सिर्जना गरेको छ भने अर्कोतिर स्वयंसेवी भावनाको विकास गराएको छ ।

ज्ञानक इजोरिया कार्यक्रममा विद्यालयहरुको निर्माण सँगसँगै सामाजिक परिचालन गरिने नीति पनि छ । यस अन्तर्गत विद्यालयहरुले विद्यालयमा सुधार योजनाहरु तयार गर्छन् । यो सामाजिक परिचालनले शैक्षिक उपलब्धी हासिल गर्न मद्दत गर्दछ भन्ने यसले ठानेको छ । विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण खर्चिलो काम हो । यो खर्च कसरी गर्ने र यसका प्रक्रियागत कुराहरुर सामाजिक योगदानका बारेमा समुदायलाई जानकारी हुनुपर्छ भन्ने मान्यता यसको छ । यसै कारण सामाजिक लेखा परिक्षणको अवधारणालाई यसले आत्मसात गरेको छ ।

भौतिक पूर्वाधार विकास यसको मुख्य लक्ष्य हो । विद्यालयलाई चाहिने भवन, कक्षाकोठा, कम्पाउण्ड, फर्निचर, शौचालयहरुको व्यवस्थापनका लागि यसले सघाउँछ । कार्यक्रम लागु भएका विद्यालयहरुलाई पूर्वाधार विकासका हिसावले सवल वनाउन सकियोस भन्ने यसले ठानेको छ ।

बाल संरक्षण कार्यक्रम

मुख्य उद्देश्यहरु :

द्वन्द्वमा परेका बालबालिकाहरुलाई परिवारसाग पुर्नमिलन गराउने प्रक्रियालाई प्रवर्द्धन गर्ने ।

द्वन्द्व सम्बन्धीत वालवालिकाहरु तथा अन्य हाम्रा खास वालवालिकाहरु र समुदायको जीवन समावेशी, सहभागिता तथा भेदभावमुक्त बनाउन सहज गर्ने ।

समुदायमा वालमैत्रीपूर्ण वातावरण वनाउन स्थानीय निकाय संजालहरु लगायत सरकारी संरचना मार्फत वाल संरक्षण गर्ने ।

द्वन्द्व सम्बन्धीत बालबालिकाहरु तथा बाल संरक्षण मामिलामा काम गर्ने व्यक्ति तथा निकायहरुको क्षमता अभिवृद्धि गर्ने ।

परिचयः

बाल संरक्षण कार्यक्रम अगष्ट २००७ देखि मे २००८ सम्म सेभ द चिल्ड्रेन जापानको सहयोगमा संचालित कार्यक्रम हो । धनुषा जिल्लाका विभिन्न गाउँ विकास समिति तथा विद्यालयहरुलाई लक्ष्य गरेर थालिएको यस कार्यक्रमले जनयुद्धपछि सिर्जित बालबालिकाहरुको शैक्षिक समस्याहरुको सम्बोधनमा बेग्लै अनुभव बोकेको छ । यस कार्यक्रमबाट हासिल भएका अनुभवहरु आसमानका लागि महत्वपूर्ण छन् । तराईमा द्वन्द्वको अवस्था कायम नै रहेको अवस्थामा बाल संरक्षणको कार्यक्रम आउँदा दिनमा पनि बालबालिका र स्कूलहरु शान्तिक्षेत्र हुन् भन्ने धारणा विकासका लागि महत्वपूर्ण हुनेछन् ।

क्रियाकलापहरु :

- यस कार्यक्रम अन्तर्गत द्वन्द्व सम्बन्धीत बालबालिकाहरुको खोजी र उनीहरुका समस्या पहिचान भएका छन् ।
- द्वन्द्व सम्बन्धीत वालवालिकाहरुको पुनर्मिलन तथा सहयोग हुन सकेको छ ।
- बालबालिकाहरुको मनोसामाजिक परामर्श र औषधोउपचारका लागि सहयोग मिलेको छ ।
- द्वन्द्व सम्बन्धीत वालवालिकाहरुमा पुनएर्कीकरणमा सहयोग पुगेको छ ।
- बाल समिति, युवा र सहयोगी संरचनाहरु मार्फत समुदायमा शान्ति सम्बन्धीत क्रियाकलाप संचालन गर्ने गरेका छन् ।
- गा.वि.स. तथा जिल्ला स्तरीय सरोकारवालाहरुवीच सवालगत छलफल र अन्रक्रियाहरु सम्पन्न भएका छन् ।
- बाल अधिकार संरक्षण फोरम र अन्य सरोकारवालाहरुको क्षमतामा अभिवृद्धि गर्ने कार्य भएको छ ।
- अनुगमन तथा मुल्यांकनका काम र जिल्ला स्तरीय समन्वय वैठकहरु भएका छन् ।
- स्थानीय एफ एम रेडियोहरुवाट वाल संरक्षण सम्बन्धी सन्देश प्रसार हुनुका साथै शैक्षिक तथा सूचना मूलक पर्चा, पोष्टर तयारी र वितरण भएको छ ।

चुनौती पनि छन्

द्वन्द्व सम्बन्धीत वालवालिकाहरु पुनः राजनीतिक क्रियाकलापमा फर्किने सम्भावना पनि त्यत्तिकै छ ।

कतिपय अवस्थामा उनीहरुले आफूसाग सम्बन्धीत सूचनाहरु दिने गरेका छैनन्, यसले गर्दा समस्याको मूल चुरो भेट्न कठीन छ ।

वाल संरक्षण आसमान नेपालले आफ्ना शैक्षिक तथा सामाजिक विकास कार्यक्रममा समेटेको मूख्य क्रियाकलाम हो । वाल संरक्षणका सवालहरुलाई समुदायदेखि गाउा, क्षेत्र, जिल्ला र केन्द्रसम्म पुर्‍याउने कार्यमा यसका क्रियाकलापहरु केन्द्रित छन् । बाल संरक्षणको यो कार्यमा सबैभन्दा महत्वपूर्ण भूमिका विद्यालयको हुन सक्छ भन्ने मान्यतामा यसले विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गरिनु पर्छ भन्ने हिसावले काम गर्दै आएको छ । शान्ति क्षेत्र अभियान र संरक्षण तालिमका माध्यमबाट यसले वाल संरक्षणका कार्यक्रम अघि बढाउादै आएको छ ।

संरक्षणका पहलहरु :

- बाल संरक्षणका लागि आसमानले सुरुवातका वर्षहरुदेखि नै आफ्ना क्रियाकलापहरु केन्द्रित गरेको छ । सबै बालबालिकाहरुलाई स्कुल पठाउनै पर्छ भन्ने यसको शैक्षिक अभियान मूलभूत रुपमा वाल संरक्षणप्रतिको प्रतिवद्धता थियो ।
- आफ्ना शैक्षिक अभियान तथा क्रियाकलापहरुलाई यसले वाल संरक्षणसित जोडेको छ । बालबालिकाहरुलाई पूर्ण समय विद्यालय लग्नु वाल अधिकार संरक्षणको एउटा महत्वपूर्ण कडी हो भन्ने यसले ठानेको छ ।
- स्थानीय समुदायमा बढ्दै गएको क्षमता, उनीहरुको संचारमा आएको परिवर्तनले वाल संरक्षणको क्षेत्रमा योगदान गरेको छ ।
- विद्यालय भर्ना अभियान यसले गरेको निरन्तर पहलहरु वाल संरक्षणको क्षेत्रमा उदाहरण हुन् । भर्ना अभियानमा व्यापक रुपमा स्थानीय विद्यालय, शिक्षक, अभिभावक, स्थानीय क्लव र परम्परागत ग्रामीण समूहहरु छन् ।
- द्वन्द्वमा परेका बालबालिकाहरुको खोजीको क्रममा १ सम ४५ बालबालिकाहरुको पहिचान सम्भव भयो । उनिहरुमध्ये १५ बालिका रहेका थिए । यसैगरी आसमानले खास बालबालिकाको रुपमा लिएका असहाय र उपेक्षित ९९ बालबालिकाहरु पनि यस क्रममा पत्ता लागेका थिए ।
- यी बालबालिकाहरुको पहिचानपछि खास बालबालिकाहरुलाई शैक्षिक सामग्रीहरु सहयोग गरियो ।
- द्वन्द्वमा सम्बन्धीत रहेका ७ बालिका समेत ५८ बालबालिकामा मनोसामाजिक परामर्श प्रदान गरियो ।
- ४५० घरमा वाल संरक्षण सम्बन्धी भित्ते लेखन गरियो । यसले समुदायमा वाल संरक्षण बारे चेतना जगाउन महत्वपूर्ण कार्य गर्‍यो ।
- युद्ध में नहीं स्कुल चलु पम्पलेट मार्फत बाल संरक्षणका सवालहरुबारे अपील प्रकाशन र वितरण गरियो ।
- कार्यक्रम अवधिमा तीनवटा शान्ति र्‍यालीहरु सम्पन्न भए, जसमा ५ हजार भन्दा बढी बालबालिका, युवा तथा वाल अधिकार संरक्षण फोरमका सदस्यहरु सहभागी थिए ।
- ८१ जना द्वन्द्व सम्बन्धी बालबालिकाहरुमध्ये ४० जनालाई विद्यालय भर्ना र ४१ जनालाई सीप विकास तालिममा सहयोग गरियो ।
- नियमित रुपमा अर्न्तक्रिया र गोष्ठी भइरहेका छन्, जसले द्वन्द्वका सवाल, यससँग जोडिएका सामाजिक विषयहरुको उजागर गरेको छ ।

बालमैत्री विद्यालय

बालबालिकाहरुलाई स्कुल भर्ना गर्ने उनिहरुको नियमिततामा ख्याल गर्ने र उनीहरुको गुणस्तरीय शिक्षाको अधिकारलाई वकालत गर्ने काम पनि यसले गरिरहेको छ । बालबालिकाको विद्यालयसम्म पहुच हुन भनेको संरक्षणका लागि महत्वपूर्ण उपलब्धी हो भने यसले ठानेको छ ।

परिचयः

बालमैत्री विद्यालय बालबालिकाहरुलाई पढाइका लागि सजिलो बनाउने वातावरण तयार भएको विद्यालय हो । बालबालिकाहरुले स्कूलमा रमाएर आउने, रमाएर पढ्ने ,खेल्ने र उनीहरुलाई आकर्षित गर्ने वातावरण बालमैत्री विद्यालयमा हुन्छ । विद्यालयमा कुनै पनि बालबालिकाहरुले सँजाय पाउनु हुन्न भन्ने मान्यता यस अवधारणाले राख्दछ । आसमान नेपालले आफ्ना कार्यक्रमहरुमा बालमैत्री विद्यालयको अवधारणालाई जोडेको छ । आसमानले संचालन गरेका सबै कार्यक्रमहरुमा बाल संरक्षणका एजेण्डाहरु कुनै न कुनै रुपमा जोडिएका छन् । आसमानले यस विषयलाई सबै कार्यक्रमहरुको कार्यन्वयनसँग जोडन खोजेको छ ।

क्रियाकलापहरुः

- विद्यालयका सरोकारवालाहरु शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, बाल समिति बीच तालिम, गोष्ठी संचालन भएको छ ।
- कार्यक्षेत्रका सबै विद्यालयहरुमा विद्यालय स्वयं मूल्याङ्कन गराई देखिएका समस्याहरुबारे सचेतना गोष्ठीहरु भएको छ ।
- विद्यालयमा शारिरीक दण्ड, सजाय विरुद्ध जिल्ला तथा विद्यालय स्तरमा अन्तर्क्रिया तथा छलफलहरु भएको छ ।
- बालमैत्री अवधारणामा अपनाइएका सात चरणहरुबारे चेक लिष्ट तयार गरी विद्यालय स्तरमा फिल्ड अध्ययन कार्यहरु गरिएका छन् ।
- विद्यालयलाई बालमैत्री बनाउन विभिन्न सूचनामूलक सामग्रीहरु तयार गरी जनजागरण ल्याउने कर्यमा मद्धत गरेको छ ।
- विद्यालयलाई वालमैत्री बनाउन संस्थाद्धारा विभिन्न खेलकुद तथा शैक्षिक सामाग्रीहरु उपलब्ध गराइएको छ ।
- विद्यालय स्तरीय सरोकारवालाहरुको भ्रमण काम गराइएको ।
- संस्थाद्धारा वाल पुस्तकालय, सन्देश लेखन, भित्ते कालोपाटी, कारपेट, भुइँटेवल तथा आवश्यक विद्यालयहरुमा भवन, मर्मत र फर्निचरहरु सहयोग गरिएको ।
- विद्यालय स्तरमा वालसमिति गठन र परिचालन कार्य भएको ।
- विद्यालय वाल मैत्री वनाउनका निमित्त स्वयंसेवक शिक्षक सहयोग कार्यहरु गरिँदै आएको छ ।

धनुषा र महोत्तरीका धैरै विद्यालयहरु अव बालमैत्री शिक्षाको अवधारणा अभ्यास गर्दैछन्। बालमैत्री विद्यालयको यो अवधारणाले विद्यालयहरुको शिक्षण शैली परिवर्तन मात्र गराएको छैन, बालवालिका र अभिभावकहरु पनि यसबारे सचेत भएका छन्। आउँदा दिनहरुमा आसमानले वालमैत्री शिक्षाको अवधारणालाई पुर्वी तराइका अन्य जिल्लाहरुमा समेत लग्ने सोचाइ बनाएको छ।

विद्यालयमा देखिएका प्रभावहरु

- धनुषा र महोत्तरीमा गरी २ दर्जन भन्दा बढी विद्यालयहरुमा लठ्ठी निषेधित क्षेत्र घोषणा गरिएको छ।
- विद्यालयहरुमा बाल पुस्तकालयप्रति आकर्षण बढेको छ र पुस्तकालयका किताबहरु पढ्ने बानी विकास भएको छ।
- शिक्षकहरुको विद्यार्थीप्रतिको धारणामा परिवर्तन भएको।
- ३ दर्जन भन्दा वढी विद्यालयहरुमा ग्रेड टिचिंगको व्यवस्था भएको।
- विद्यालयमा विद्यार्थीहरु टिफिनमा भाग्ने काम कम भएको र नियमितता बढेको।
- हाल विद्यालयमा शारिरीक दण्ड सँजायका घटनाहरु कम देखिन थालेका छन्।
- विद्यालय प्रति सरोकारवालाहरुको ध्यान पुगेको र खवरदारी कार्यमा तिव्रता आएको छ।
- विद्यालयहरुमा तुलनात्मक रुपमा अतिरिक्त क्रियाकलापहरु बढेका छन्।
- विद्यालयमा बाल सहभागितामा बृद्धि र उनीहरुको भावनाको कदर गरिएका उदाहरणहरु देखिन थालेका छन्।
- विद्यालयमा भेदभावका घटनाहरु कम देखिन थालेका छन्।

सिकाइहरु

वालमैत्री विद्यालयको अवधारणालाई विद्यालय समुदाय र अरु सरोकारवालाहरुसम्म पुऱ्याउन आसमान प्रयासरत छ। यस्ले समुदाय देखी जिल्ला स्तरका विभिन्न शैक्षिक फोरमहरुमा यस विषयलाई वहसको विषय वनाएको छ।

- वालमैत्री विद्यालयको अवधारणपछि विद्यालयहरुमा वालमैत्री अध्ययन क्रियाकलापहरु गरिएका छन।
- विद्यालयहरुमा वालवालिकाहरुलाई खेलेर सिकाउने रमाउने बातावरण तयार गर्ने, शैक्षिक सामाग्रीहरुको प्रयोग गर्ने र विद्यालयहरु प्रति आकर्षित गराउने क्रियाकलाप भएका छन्।
- शिक्षक तथा अभिभावकहरु वालमैत्री विद्यालयबारे सचेत भएका छन्। यसले विद्यालयको शैक्षिक शैलि परिवर्तन गर्न मद्दत पुगेको छ।

बाल विवाह जिन्दगी तवाह

बाल विवाह पूर्वी तराईका जिल्लाहरुमा देखिएको एउटा गम्भीर सम्स्या हो । खासगरी बालिकाहरुको शिक्षामा बाल विवाहका घटनाहरु एक किसिमको बाधाको रुपमा रहँदै आएका छन् । बाल विवाहले असर गरेका सामाजिक असरहरु धेरै छन् । यसका कारण र परिणामहरु पनि धेरै छन् । समुदायमा रहेको बाल विवाहको अवस्था अध्ययन र आँकलनपछि समुदायकै सहभागितामा यसले बाल विवाह कम गर्न विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आएको छ । विगतमा यसले बाल विवाह विरुद्ध थालेका अभियानहरुले सामाजिक महत्व बोकिसकेको छ । अप्रिलदेखि डिसेम्बर २००८ मा यसले सेभ द चिल्ड्रेन स्वीडेनको सहयोगमा धनुषा र महोत्तरीका ५ वटा गाउँ विकास समितिहरुमा बाल विवाह न्यूनिकरणका लागि काम गरेको थियो ।

मूख्य क्रियाकलापहरु :

आसमानले कार्यक्रम कार्यान्वयनको लागि सहयोगी संरचनाहरुलाई केन्द्रविन्दुमा राखेर काम गरेको छ । बाल विवाह विरुद्ध समितिको निर्माण तथा परिचालनका माध्यमबाट कार्यक्रम समुदाय तहमा पुग्दै आएको छ । यसले कार्यक्रमबारे जचेतना जगाउन गाउँस्तरदेखि जिल्ला स्तरसम्म विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । समुदाय तहमा र्‍यालीहरु गर्ने , सडक नाटकहरु देखाउने, भित्ते लेखन गर्ने क्रियाकलाप पनि भएका छन् । पोष्टर पम्पलेटहरुको प्रकाशन, स्थानीय रेडियोहरुबाट यस सम्बन्धी सन्देशहरु प्रशारण गर्ने क्रियाकलाप पनि यसले गरेको छ । यसले समुदाय तहमा संचालन गर्ने क्रियाकलापहरुको एउटा उद्देश्य बाल विवाहका घटनाहरुमा कमी ल्याउनु हो । यसका लागि आसमानले सरोकारवालाहरु र समुदायको व्यापक सहभागिता खोजेको छ ।

मुख्य उद्देश्यहरु :

- वाल विवाह विरुद्ध सामाजिक मान्यता स्थापना गरी वाल विवाहप्रति रहेको हालको धारणामा परिवर्तन ल्याउने ।
- वाल विवाह कम गर्नका लागि सरोकारवालाहरुको जनचेतनामा अभिवृद्धि गराउने ।
- वाल विवाह सम्बन्धी मुद्दामा वकालत गर्नको लागि सरोकारवालाहरुको क्षमतामा अभिवृद्धि गराउने ।
- वाल विवाह न्यूनिकरणको लागि बालबालिकाको सहभागितामा वृद्धि गराउने ।

स्थानीय टोल समितिहरुमा महिला समिति, युवा समिति,बाल समितिहरुले समेत यसमा महत्वपूर्ण काम गरेका छन् । समितिले गाउँ तहमा हुने बाल विवाहका घटनाहरु रोक्न महत्वपूर्ण काम गरेको छ । कार्यक्रम संचालन भएका दुबै जिल्लाका समुदाय तहमा हाल बालविवाहका घटनाहरुमा कम भएका छन् ।

सफल अभ्यासहरु :

आसमानले समुदाय तहमा बालविवाह विरुद्ध काम गर्दा धेरै उपलब्धीहरु हासिल गरेको छ । गाउँ विकास समिति र समुदाय तहमा बाल विवाह विरोध समितिहरु गठन हुनाले समुदाय तहमा यस सम्बन्धी बहस र छलफलहरु भएका छन् । स्थानीय तहमा जनचेतना जगाउने कार्यमा यसले महत्वपूर्ण कार्य गरेको छ । समितिको सक्रियताको कारण समुदाय तहमा प्राप्त उपलब्धीहरु यसका सफल अभ्यास हुन् । धेरैजसो समितिहरुले स्वयंसेवी रुपमा यस सम्बन्धी गरेका कामहरुले अवस्थामा परिवर्तन ल्याउन महत्वपूर्ण कार्य गरेका छन् ।

बाल विवाह विरोधी संरचनामा गाउँ विकास समितिका प्रतिनिधि, समुदायका अगुवाहरु, युवा, महिला रहने गरेका छन् । यो समितिले गाउँका बाल विवाहका सम्भावित घटनाहरुको अनुगमन गर्ने गर्दछ । गाउँ तहमा हुने मासिक बैठकहरुमा बालविवाह अवस्थाबारे छलफल हुनाले बाल विवाहका बारेमा समुदायमा जनचेतना जगाउने कर्य गरेको छ ।

भविष्यका रणनीतिहरु :

आसमानले भविष्यका दिनहरुमा पनि बालविवाह विरुद्ध कार्यक्रमलाई निरन्तरता दिनेछ । यसले थालेका शैक्षिक परिवर्तनका अभियानहरुमा बाल विवाहको सवाल जोडिएको छ । यसले समुदाय तहमा देखेका घटनाहरुको अध्ययनलाई आफ्नो कर्यक्रमको सिकाइको रुपमा लिएको छ । बाल संरक्षणका कार्यक्रमहरुको एउटा मूख्य क्षेत्र बाल विवाह विरोधी अभियानसँग जोडेको छ । यसका शैक्षिक अभियानमुखी क्रियाकलापहरुमा बाल विवाहको सवाल जोडिएको छ । बालिका शिक्षामा देखिएका असफलताहरुको मूख्य कारण बाल विवाह पनि हो भन्ने कुरा समुदाय तहमा गरिएका विभिन्न्न छलफल र अन्तरक्रियाहरुबाट थाह भएको छ ।

बँधुवा बालश्रमको विपक्षमा

बंधुवा बालश्रम लगायत हरवाहा, चरवाहा न्युनीकरण आसमान नेपालले सुरु गरेको बँधुवा बालश्रम विरोधी कार्यक्रम हो । बँधुवा बालश्रम लगायत हरवाहा चरवाहाको समस्या नेपालका धेरै जिल्लाहरुमा छ । बालश्रमको एउटा मूख्य समस्याको रुपमा यो प्रथा समाजमा चहिरहेको छ । धनुषा र महोत्तरी जिल्लामा यस किसिमको चलन धेरै समयदेखि चलिरहेको छ र यसैको कारण बालबालिकाहरुको शिक्षाको अधिकारमा चुनौती देखिएको छ । आसमान नेपालले अन्तराष्ट्रिय श्रम संगठनसँगको सहकार्यमा जनवरी २००८ देखि जनवरी २०१० सम्मका लागि यो कार्यक्रम संचालन भइरहेको छ । यो कार्यक्रम हाल धनुषा जिल्लाका रमदैया, भरतपुर रघुनाथपुरमा संचालित छ । यसले बालश्रम न्युनीकरणका लागि समुदायका सरोकारवालाहरु परिचालन गर्ने र धनुषा जिल्लाका ३ गा.वि.स.का कम्तीमा ८०० जना बालबालिकाहरुलाई बँधुवा बालश्रमबाट मुक्त गर्ने र बालसंरक्षण कार्यक्रम गर्ने उद्देश्य लिएको छ ।

मुख्य क्रियाकलापहरु :

यस कार्यक्रम कार्यान्वयनका क्रममा सबैभन्दा पहिले समुदायको आधारभूत सर्वेक्षण गरिएको थियो । यसमा हरहवा चरहवा परिवारहरुलाई लक्षित गरिएको थियो । जिल्लाका ३ गा.वि.स.मा हरहवा, चरहवा परिवारहरुको पहिचानपछि महिला, युवा, बाल समिति, बालअधिकार संरक्षण फोरम गरी ४८ सहयोगी संरचनाहरुको गठन भए । यसमा ६ सय २४ स्थानीय सदस्यहरु सहभागी थिए । सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने, स्थानीय तथा जिल्ला स्तरीय सम्बन्धीत सरोकारवालाहरुसँग समन्वय गर्ने, समुदायका ४८० बालबालिकाहरुलाई औपचारिक विद्यालयमा भर्ना गराउने कार्यक्रम यसले राखेको थियो ।

बालश्रममा रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने उद्देश्य यो कार्यक्रमको रहेको छ । समुदायका १० देखि १७ वर्षका स्कुलबाट वञ्चित ३ सय २० बालबालिकाहरुलाई १३ वटा औपचारिक शिक्षाका माध्यमबाट कक्षा संचालन गर्ने यसको उद्देश्य थियो । यसका लागि जिल्ला तथा गाउँ विकास समिति तहमा समन्वय गर्दै समुदायमा १२ वटा सहभागितात्मक सिकाइ कार्यकक्षा संचालन गर्ने कर्यक्रम रहेको छ । समुदायका २ सय बालबालिकालाई शैक्षिक सामाग्री र आयमुलक कार्यका लागि सहयोग गर्ने कार्यक्रम पनि यसले राखेको छ ।

सिकाइहरु

विद्यालयमा कक्षा कोठा र शिक्षक पर्याप्त नभएकोले बालबालिकाहरुको पढाइमा अझै पनि चुनौतीहरु छन् । विद्यालयहरुले दलित बालबालिकाहरुलाई विद्यालयमा टिकाउन अझ बढी काम गर्नुपर्ने अवस्था पनि देखिएको छ । सहयोग पाएका बालबालिकाहरुको निरन्तरताको लागि भविष्यका दिनहरुमा गरिनु पर्ने कार्य पनि यसको चुनौती हो ।

हालसम्मका उपलब्धीहरु

धनुषा जिल्लाका ३ वटा गा.वि.स.मा हरवहा चरहवा सम्बन्धी आधारभूत सर्वेक्षण सम्पन्न गरी २ सय ९९ व्यक्ति पहिचान गरिएको छ। भरतपुरमा ४८, रघुनाथपुरमा १ सय ३० तथा रमदैया भवाडीमा १२१) तीनवटै गा.वि.स.मा ६ देखि ९ वर्षका विद्यालय नजाने १ सय ३८ बालबालिकामध्ये सो गा.वि.स.मा वालअधिकार संरक्षण समिति गठन तथा परिचालन भएको छ। यसका लागि १५ महिला समूह, ९ युवा समूह, २१ बाल समूह गठन तथा परिचालित छन्। ३ वटा गा.वि.स.मा भर्ना अभियान संचालन भइरहेको छ। हालसम्म भरतपुरमा ८१ जना, रघुनाथपुरमा १ सय ४१ जना र रमदैया भवाडीमा १ सय ८७ जना गरी जम्मा ४ सय ०९ जना भर्ना भइसकेका छन्। रघुनाथपुर गा.वि.स.मा बाधुवा वालश्रम न्यूनीकरणबारे चेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ। जसमा करीब ३ हजारको संख्यामा जनसहभागिता रहेको थियो। यस कर्यक्रमहरुले समुदायलाई यसबारे चेतना जगाउन मद्दत गरेको छ।

आसमानले सम्झौता नहुने ५ सिद्धान्तबारे २ दिने कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न गरेको थियो। जसमा शिक्षक, स्थानीय नेता, बुद्धिजिवी वर्ग, महिला, दलित लगायत वाल अधिकार संरक्षण समितिका सदस्यहरु समेत गरी जम्मा १ सय ११ जनाको सहभागिता रहेको थियो। जसमध्ये रमदैया भवाडीमा ३३ जना, भरतपुरमा ३५ जना, रघुनाथपुरमा ४३ जना सहभागी थिए।

शैक्षिक कार्यक्रममा आधारित जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम संचालन भयो। जसमा प्र.जि.अ. लगायत अन्य सरकारी निकायका कार्यालय प्रमुख, अन्य संघ संस्थाका प्रतिनिधिहरु, शिक्षक यूनियनका सदस्य तथा पत्रकारहरु समेत गरी २५ जनाको सहभागिता रहेको थियो।

सहयोगी संरचना

सहयोगी संरचना शिक्षामा सामाजिक परिवर्तन र समावेशीकरणका लागि आसमान नेपालले अघि सारेको रणनीति हो । सहयोगी संरचनालाई एउटा स्वयंसेवी जमातका रुपमा आसमानले अघि बढाउदै आएको छ । आसमानले धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरुमा शैक्षिक क्षेत्रमा काम गर्दा सरोकारवालाहरुको सहभागिताको खाचो अनुभव गरेको थियो । यही सिकाइका आधारमा सहयोगी संरचनाहरुको विकासको परिकल्पना गरिएको थियो । यसमा स्थानीय युवा, महिला, दलित, शिक्षक,अभिभावक र गाउा तथा टोलका परम्परागत समूहहरु रहेका थिए ।

संरचनाको परिकल्पना:

शिक्षामा जनसहभागिता नभई शैक्षिक विकासको लागि उपर्युक्त वातावरण सिर्जना हुन सक्दैन । शिक्षामा स्थानीय सरोकार र चासो नहुँदा त्यसका विभिन्न असरहरु देखिएका छन् । यही खाँचो र आवश्यकतालाई अनुभव गरेर आसमानले शिक्षामा जनसहभागिता जुटाउने एउटा परिकल्पना गर्‍यो र यसैको सुरुवात थियो सहयोगी संरचनाहरुको जन्म । आसमानले जतिबेला काम छोडाऔं, स्कूल पठाऔं अभियानको लागि बालश्रम मुक्त टोल निर्माणको प्रक्रिया थालेको थियो, त्यतिबेला त्यस अभियानको सहयोगको लागि सहयोगी संरचनाहरुको विकल्प अघि सारेको थियो । शिक्षामा स्थानीय सहभागिता र सरोकार जुटाउने अभियानमा फोरमहरुको स्थापना शैक्षिक जागरणका लागि निकै महत्वपूर्ण बन्यो । यही सिकाइका आधारमा सहयोगी संरचनाहरुलाई आसमानको क्रियाकलापको महत्वपूर्ण कडीका रुपमा विकास गरियो ।

के र किन ?

शिक्षामा स्थानीय सहभागिता जुटाउन अपरिहार्य छ भन्ने मान्यतामा आसमानले सहयोगी संरचनाहरुको रणनीति लिएको हो । धनुषा र महोत्तरीका गाउँहरुमा शिक्षामा सामाजिक परिचालन गर्न र शैक्षिक परिवर्तन खोज्न यी संरचनाहरु महत्वपूर्ण बनेका छन् । शैक्षिक क्षेत्रका समस्याहरु र सुधारका कार्ययोजनाहरु बनाउने, आफ्नो गाउँबस्तीको शैक्षिक समस्यामा सुधार गर्ने विषयहरुलाई यसले प्राथमिकतामा राखेको छ ।

आसमान नेपालले तराईका केही जिल्लाहरुको शैक्षिक अवस्था परिवर्तनका लागि सुरुवातदेखि नै लागेको छ । विगतमा सुरु गरिएको काम छोडाओं, स्कूल पठाऔं यसैको एउटा रुप थियो , जुन स्कूल बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयको ढोकामा पुऱ्याउन निकै महत्वपूर्ण बन्यो । यो अभियानको एउटा महत्वपूर्ण पक्ष स्थानीय शैक्षिक जागरण थियो । यसको नेर्तत्व स्थानीय तबरमा गठन भएका युवा,महिला,दलित,बाल ,अभिभावक फोरमहरु र परम्परागत रुपमा गाउँटोलमा रहेका संगठनहरुले गरेका थिए । त्यसैले आसमानको शैक्षिक कार्यक्रमको एउटा महत्वपूर्ण उपलब्धी यी स्थानीय संरचनाहरुको निरन्तर सक्रियता पनि थियो ।

शैक्षिक जागरणको अभियानलाई गति दिन आसमानले यी स्थानीय संरचनाहरुलाई मजबुत बनाउने प्रक्रियामा सघायो । बेलाबेलामा उनीहरुलाई क्षमता विकासका विभिन्न तासिलमहरु दियो । विभिन्न किसिमका भ्रमण, अन्तरक्रिया र छलफलका माध्यमबाट यी सहयोगी संरचनाका व्यक्तिहरुले धेरै कुरा सिके । जुन स्थानीय शैक्षिक अवस्था परिवर्तनका लागि महत्वपूर्ण बन्यो ।

शिक्षा मार्फत सामाजिक परिवर्तनको अवस्था सिर्जना गर्न टोलको अवस्था विश्लेषण गर्न, बाल अधिकार र संरक्षणको कुरा अघि सार्न, बालश्रम र शिक्षाको सामाजिक मान्यता विकास गर्न, सबैलाई स्कूलको पहुचमा लग्न सहयोगी संरचनाहरु महत्वपूर्ण हुनेछन् । धनुषा र महोत्तरीका स्थानीय समुदायहरु अब शैषिक सुधार परिवर्तनका लागि संगठीत रुपमा अघि बढेका छन् । शैक्षिक परिवर्तनको साझा उद्देश्य हासिल गर्न सहयोगी संरचनाहरु सफल सिद्द भएका छन् । समुदायका सबै बालबच्चाहरुलाई स्कूलको ढोकामा पुऱ्याउने कुरा अब समुदायको साझा कार्यक्रम बनिसकेको छ । यसका लागि स्थानीय तहमा गठन भएका यी संरचनाहरुले स्थानीय खाचो र आवश्यकताको आधारमा आ-आफ्नो ठाउ र सामाजिक मान्यतालाई पन्छाएर परक फरक ढंले काम गरिरहेका छन् ।

आसमानले सुरुदेखि नै बालश्रमलाई शैक्षिक अधिकारको कुरासुँग जोडेर हेरेको थियो । काम छोडाऔं स्कूल पठाऔं अभियान यसै कुरामा केन्द्रित थियो । बालबच्चाहरु स्कूलमा छैनन् भने उनीहरु पक्कै काममा छन् र कामबाट स्कूलमा नल्याएसम्म उनीहरु बालश्रमबाट मुक्त हुँदैनन् भन्ने यसको अवधारणा थियो । सुरुमा यो अवधारणा विवादमा समेत परेको थियो । स्थानीय समुदायले बच्चाहरुले काम त गर्नैपर्छ भनेर आफ्नो तर्क अघि सारेपनि उनीहरु स्कूल जानुपर्छ भन्ने मान्यता उनीहरुका लागि पनि स्वीकार्य थियो । अन्ततः यो अवधारणा समुदायका लागि पनि एउटा स्वीकार्य अवधारणा बन्यो र यसै क्रममा धनुषा र महोत्तरीमा स्कूल जानेहरुको संख्या हवात्तै बढ्यो । बरु भर्ना अभियानपछि विद्यायमा देखिएका कक्षाकोठाको समस्या, शिक्षकहरुको अपर्याप्ता र बामैत्री पढाइकको अभावले यसको सफतामा केही व्यवधानहरु उत्पन्न गरायो ।

सहभागिता :

सहयोगी संरचनामा युवा फोरम, महिला फोरम, दलित फोरम, शिक्षक फोरम, विद्यालय व्यवस्थापन समिति, परम्परागत जातीय र अन्य समूहहरु सहभागी छन् । गाउँका युवा, महिला, दलित, शिक्षक, अभिभावकहरुको यसमा सहभागिता छ । गाउँटोलमा गठित सहयोगी संरचनाहरुमा १० देखि १५ सदस्यहरु हन्छन् । यी सदस्यहरुले स्वयंसेवी रुपमा समुदायमा आफ्नो भूमिका खेलेका हुन्छन् । धनुषा र महोत्तरीका गाउँहरुमा हालसम्म १२ हजार ४ सय सदस्यहरु यो संरचनामा समेटिएका छन् ।

आसमानको अनुभवमा स्कूले शिक्षाको विकासमा स्थानीय उपभोक्ता वा अभिभावकहरु सदैव शैक्षिक संरचनाबाट अलग छन् । हाम्रो संरचनाले अभिभावकहरुलाई शैक्षिक विकासको सहयोगीको रुपमा मान्न सकेको छैन् । परम्परागत रुपमा विद्यायमा विद्यालय व्यवस्थापन समितिको कल्पना गरिए पनि यसमा आम अभिभावकहरु सक्रिय बन्न सकेको अवस्था छैन् । यसको संरचना परम्परागत छ । गाउँका दलित, महिला, युवा, बालक्लब, विपन्न र कमजोर अभिभावक, स्थानीय परम्परागत समूहहरु शैक्षिक संरचनामा कहिल्यै आउन सकेका छैनन् । त्यसैले आसमानले अपनाएको सहयोगी संरचनाहरुको संजालले शिक्षामा स्थानीय सरोकारवालाहरुको सहभागिता विकास गरेको छ । अभ्यासले के देखाएको छ भने यी संरचनाहरु अब स्थानीय तहका स्थायी संगठीत उपभोक्ता संस्थाको रुपमा उभिने छन् , जसको सहभागिता शैषिक विकासको लागि सहयोगी बन्नेछ ।

यी संरचनाहरु स्थानीय विद्यालयहरुको क्षेत्रभित्रको सामाजिक विश्लेषण गर्न, विद्यालयका समस्याहरुको लेखाजोखा गर्न, स्कूल नगएका गाउँका बालबच्चाहरुको लगत संकलन गर्न र उनीहरुलाई स्कूल पठाउने वातावरण तयार गर्न, गाउँटोलमा घरदैलो अभियान गरेर शिक्षाको महत्व दर्शाउन, अभिभावकहरुलाई सचेत पार्न महत्वपूर्ण संरचना बन्न पुगेका छन् ।

हाम्रो विश्वास छ

आसमान नेपालले बालश्रम उन्मुलन तथा सर्वव्यापी शिक्षाको लागि निम्न सिद्धान्तहरुलाई आत्मसात गरेको छ । त्यसैले, हामी ठान्छौं –

१. बालबालिकाहरु अनिवार्य रुपमा औपचारिक स्कूलमा जानुपर्छ ।

२. स्कूल बाहिर रहेका कुनै पनि बालबालिकाहरु बालश्रमिक हुन् ।

३. बालबालिकाको लागि सबै प्रकारको काम जोखिमपूर्ण छ । यसले उनीहरुको सर्वाङ्गिन विकासमा बाधा पुऱ्याउछ ।

४. सबै बालबालिकाहरु बालश्रमको बन्धनबाट मुक्त हुनैपर्छ ।

५. बालश्रमलाई बढावा दिने कुनै पनि तर्कलाई हामी स्वीकार गर्दैनौं ।

आसमान नेपाल

Ö शिक्षा
X बालश्रम

सम्पर्कको लागि:
आसमान नेपाल
भानुचोक, जनकपुरधाम
फोन : ०४१५२२४७३/०४१५२२४७४
E-mail:
web :
काठमाडौं सम्पर्क : ०१४२७४२७